# नेपाल राष्ट्र बैंक

# प्रेस समाचार

नेपाल राष्ट्र बैंक तथा नेपाल राष्ट्र बैंक पूर्व कर्मचारी संघको संयुक्त तत्वावधानमा मिति २०६९ असार २३ गते काठमाडौंमा “घर जग्गा कारोवारमा वित्तीय क्षेत्रको संलग्नता” विषयक एक दिवसीय गोष्ठीको आयोजना गरियो ।

गोष्ठीलाई सम्बोधन गर्दै गभर्नर डा. युवराज खतिवडाले राष्ट्रिय हित विपरित व्यवसाय प्रवर्द्धन हुन नहुने, निक्षेपकर्ताको निक्षेपलाई धरापमा राखेर व्यवसाय संचालन हुन नसक्ने र आर्थिक स्थायित्वको लागि वित्तीय स्थायित्व चाहिने कुरामा जोड दिनु हुदै यी तीनवटा Bottom Line लाई जांचेर हेर्नु पर्ने आवश्यकता औंल्याउनु भयो । गभर्नर खतिवडाले बैंक तथा वित्तीय संस्थाहरुलाई तीन वर्षमा आफ्नो लगानीको २५ प्रतिशत घर जग्गा लगानीमा सीमित राख्न भनिएकोमा चौथो वर्ष लाग्दा पनि निर्देशन पालना नभएको तर्फ ध्यानाकर्षण गराउनु हुदै निर्देशन पालना गर्न एउटा Generation बराबरको समयको अवधि नचाहिने धारणा राख्नु भयो । बैंक तथा वित्तीय संस्थाहरु तर्फ संकेत गर्दै गभर्नर डा. खतिवडाले प्रहरीको दायित्व मात्र होईन नागरिक दायित्व पनि खोज्नु पर्छ भन्नु हुदै बैंक तथा वित्तीय संस्थाहरुलाई नागरिकले झैं स्वनियमनमा बस्न अनुरोध गर्नु भयो ।

विगतमा केन्द्रीय बैंकको नेतृत्वमा देखापरेको अस्थिरताले गर्दा पनि वित्तीय तथा व्यवसायिक क्षेत्रका कामकारवाहीहरु प्रभावित भएकोले ती क्षेत्रमा समस्याहरु देखापरेको धारणा राख्नु हुदै तिनै समस्याहरुलाई समाधान गर्न नियमनकारी निकाय केन्द्रीय बैंक अहिले लागि रहेको विचार पनि गभर्नर डा. खतिवडाले राख्नु भयो । सामाजिक जीवनका विभिन्न क्षेत्रमा असफल भएका व्यक्तिहरु पनि जग्गाको Speculation गर्ने काममा लागेकोले यसलाई रोक्नु पर्ने दायित्व वोध गर्दै वित्तीय क्षेत्रको नियमनकारी निकाय नेपाल राष्ट्र बैंक अगाडि बढेको धारणा विचार व्यक्त गर्नु भयो । साथै, गभर्नर डा. खतिवडाले Housing मा जाने अनि सडक, खानेपानी, विजुली, ढल आदि नहुने नराम्रो स्थिति तर्फ संकेत गर्दै क्षेत्रीय सन्तुलन पनि नहेरी एउटा क्षेत्रले मात्रै लगानी गरेर सुन्दर शहर नबन्ने विचार व्यक्त गर्नु भयो । माछा पाल्ने ठाउँमा प्लटिङ्ग हुनु र हरियो डाँडामा डोजर चलेको तर्फ ध्यानाकर्षण गराउनु हुदै गभर्नर डा. खतिवडाले अब गल्ती हुन दिनु हुदैन र भएका गल्तीलाई Safe Landing मा जानु पर्छ भन्नु भयो ।

गभर्नर डा. खतिवडाले व्यक्तिगत आवास कर्जालाई संरक्षण गरिने जानकारी दिनु हुदै फ्ल्याट विदेशीलाई किन्न दिने कि नदिने भन्ने मुद्दा राजनीतिक बहसको विषय हो भन्नु भयो । अहिले विदेशी लगानी ल्याउनै पर्ने वा ल्याउनै नहुने विषयमा बहस भैरहेको बताउनु हुदै गभर्नर खतिवडाले गैर व्यापारिक वस्तुहरु जस्तै जलविद्युत तथा सडक जस्ता क्षेत्रमा विदेशी लगानी भित्र्याउन सकिन्छ भन्नु भयो । साना-साना र मध्यम घर जग्गामा जान नेपाल राष्ट्र बैंक सहमत छ तर जग्गा खरिद गरी घर नबनाई Speculation गरेर बस्ने प्रबृतिप्रति बैंक कडा रहेको विचार पनि गभर्नर डा. खतिवडाले राख्नु भयो । उद्योगलाई काठमाडौं बाहिर लैजानु पर्नेमा जोड दिनु हुदै गभर्नर खतिवडाले Housing मा रहेको लगानीलाई सुरक्षित गर्न नेपाल राष्ट्र बैंक सचेत रहेको विचार पनि व्यक्त गर्नु भयो । घर जग्गा व्यवसायीहरुलाई मूल्य सच्याउन सुझाव दिनु हुदै गभर्नर डा. खतिवडाले जग्गाको Speculation गर्ने कुरा नेपाल राष्ट्र बैंकलाई मान्य

हुन सक्तैन तर आवासको लागि जग्गा खरिद गर्ने व्यवसायीको लागि नेपाल राष्ट्र बैंक सकारात्मक रहेको छ भन्नु भयो ।

कार्यक्रममा पूर्व गभर्नर गणेशबहादुर थापाले उपभोक्ताको आवश्यकता र मागलाई ख्याल नगरी बैंक तथा वित्तीय संस्थाहरुले घर जग्गामा लगानी गर्दा यस क्षेत्रमा समस्या आएको यथार्थ औंल्याउनु हुदै आवास सम्बन्धमा संसारका अन्य मुलुकका शहरमा अपनाइएका प्रक्रियाहरु अध्ययन गरी Housing को Location र Standard सरकारको आधिकारीक निकायले तोकीदिनु पर्नेमा जोड दिनु भयो । उहाँले Housing मा बस्ने मानिसहरुको सुरक्षाको लागि सरकार गम्भीर हुनु पर्ने धारणा राख्नु भयो । पूर्व गभर्नर थापाले घर जग्गा व्यवसायमा भएको अधिक कर्जा लगानी बाट वित्तीय स्थायित्व र समग्र अर्थतन्त्रमा पर्ने नकारात्मक प्रभावलाई मुल्याङ्कन गरी नियमनकारी निकाय नेपाल राष्ट्र बैंकले समयमै पूर्वसचेतता अपनाउनु पर्थ्यो भन्ने विचार पनि राख्नु भयो ।

कार्यक्रममा जनता बैंकका पूर्व अध्यक्ष गुरु प्रसाद न्यौपानेले “घर जग्गा कारोवारमा वित्तीय क्षेत्रको संलग्नता” विषयक कार्यपत्र प्रस्तुत गर्दै विभिन्न निर्माण कम्पनीहरुले बनाएका घर तथा एपार्टमेन्टहरुको लागत कम हुनु पर्ने, घर तथा जग्गामा प्रबाह भई खराब कर्जामा परिणत भएको कर्जाको समस्यालाई समाधान गर्न सम्पत्ति व्यवस्थापन कम्पनीको स्थापना हुनु पर्ने, मध्यम तथा न्यून आय भएका वर्गका जनतालाई आधुनिक आवास बनाई बसोबास गराउने राष्ट्रको नीति हुनु पर्ने लगायतका सुझावहरु दिनु भयो । कार्यपत्रमाथि पूर्व डेपुटी गभर्नर पुष्पराज राजकर्णीकार, नेपाल जग्गा तथा आवास विकास संघका अध्यक्ष इच्छा राज तामाङ्ग र सनराइज बैंकका प्रमुख कार्यकारी अधिकृत सुरेन्द्रमान प्रधानले टिप्पणी गर्नु भएको थियो । कार्यपत्र प्रस्तुति र टिप्पणीको क्रममा घर जग्गा व्यवसायसँग सम्बन्धित Stakeholder हरु क्रमशः सरकार, बैंक तथा वित्तीय संस्था, घर जग्गा व्यवसायीहरु र उपभोक्ताको तर्फबाट चाल्नु पर्ने उचित कदमका विषयमा छलफल भएको थियो ।

कार्यक्रमको सभापतित्व नेपाल राष्ट्र बैंक पूर्व कर्मचारी संघका अध्यक्ष रेवतबहादुर कार्कीले गर्नु भएको थियो । कार्यक्रममा संघका महासचिव श्यामबहादुर श्रेष्ठले स्वागत मन्तव्य दिनु भएको थियो ।

कार्यक्रममा नेपाल राष्ट्र बैंकका पदाधिकारीहरु, नेपाल सरकारका विभिन्न निकायका प्रतिनिधिहरु, बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिहरु, जग्गा तथा आवास विकास संघका पदाधिकारीहरु, नेपाल राष्ट्र बैंकका पूर्व पदाधिकारीहरु, नेपाल राष्ट्र बैंक पूर्व कर्मचारी संघका पदाधिकारी तथा सदस्यहरु, पत्रकार तथा सर्वसाधारणको उपस्थिति रहेको थियो ।

यसअघि असार २२ गते आयोजित साना किसान विकास बैंकको ११ औं वार्षिकोत्सव समारोहमा प्रमुख अतिथिको आसनबाट गभर्नर डा.खतिवडाले साना किसान विकासका क्षेत्रमा उल्लेखनीय योगदान पु¥याउनु हुने श्रीकृष्ण उपाध्याय, उत्तम रत्न धाख्वा, चन्द्रकान्त अधिकारी र रुद्रप्रसाद गौतमलाई अभिनन्दन गर्नुभएको थियो । सो अवसरमा उहाँले कुनै पनि संस्थाको भनाइ र गराइमा तालमेलको खाँचो औंल्याउँदै समावेशी र सहभागितामूलक विकास प्रयास अहिलेको आवश्यकता भएको धारणा राख्नु भएको थियो । विकासका मुद्धामा राजनीति हावी हुन नहुने भन्दै उहाँले राज्यका गरिबी निवारणका संस्थागत प्रयाससँग लघु वित्त एवम् दातृ निकायका सो क्षेत्रका कार्यक्रमबीच समन्वयको आवश्यकतामा जोड दिनुभएको थियो ।

२०६९ असार २४ गते आइतबार

गभर्नरको कार्यालय